# राष्ट्रिय विकास समस्या समाधान समितिको ४७ औं बैठकका निर्णयहरु :

१. संयुक्त राष्ट्र संघ लगायतका अन्तर सरकारी तथा अन्तर्राष्ट्रिय संघ संगठनहरुमा नेपालको प्रतिनिधिका रुपमा विदेशस्थित सभा सम्मेलन आदिमा सम्बन्धित मन्त्रालयबाट मात्रै प्रतिनिधित्व हुने र प्रभावकारी समन्वयको अभावले समग्ररुपमा नियोग प्रमुख र नियोगहरुको भूमिका छायाँमा परी ती सभा-सम्मेलनमा प्रतिनिधित्व समेत हुन नसक्दा अन्तरसरकारी निकाय तथा संघ संगठनले गर्ने क्रियाकलाप, छलफल, नयाँ एजेन्डा आदिको Follow-up गर्न, बैदेशिक सहायता जुटाउन गर्नुपर्ने भेटघाट र सम्पर्क समेत प्रभावकारी हुन कठिनाई भैरहेको सन्दर्भमा परराष्ट्र मन्त्रालयले २ महिना भित्र आवश्यक राष्ट्रिय ढाँचा तयार गरी स्वीकृतिका लागि मं.प. मा प्रस्ताव पेश गर्ने ।

२. यही २-४ अप्रिल, २०२० मा काठमाडौंमा "Climate Change, Mountains and the Future of Humanity" शीर्षकमा आयोजना गरिने सगरमाथा संवादको पहिलो संस्करण राष्ट्रिय महत्वको Mega Event लाई सफलतापूर्वक सम्पन्न गर्न सबै मन्त्रालय एवम् निकायहरुको सहयोग र समन्वय आवश्यक पर्ने भएकोले परराष्ट्र मन्त्रालय र सगरमाथा संवाद सचिवालयसंगको समन्वयमा सबै निकायले आ-आफ्नो जिम्मेवारी अनुरुप कार्य अगाडि बढाउने ।

३. समृद्ध नेपालः सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न गत वर्ष नेपालमा सम्पन्न लगानी सम्मेलनमा मित्रराष्ट्रहरुबाट व्यक्त लगानीको प्रतिवद्धता समेतलाई Follow-up र वैदेशिक लगानी आकर्षण गर्ने प्रयोजनका लागि राष्ट्रिय योजना आयोगको आर्थिक क्षेत्र हेर्ने मा.सदस्यको संयोजकत्वमा सरोकारवाला अन्य निकायका पदाधिकारीहरु समेत सम्मिलित एक संयन्त्र गठन गरी ४ महिना भित्र एकीकृत अवधारणा तयार गर्ने ।

४. सिंचाइ लगायत अन्य व्यवसायहरु जस्तै बाली, तरकारी, फलफूल आदिको व्यावसायिक उत्पादनमा प्रयोग हुने विद्युत महसुलमा ५० प्रतिशत अनुदान रहेको तर नेपाल विद्युत प्राधिकरणले मत्स्यपालनलाई उद्योगसरहको समूहमा राखी अनुदान उपलब्ध नगराउँदा माछा उद्यमी तथा व्यवसायीहरुको उत्पादन लागत बढ्न गई व्यावसायिक उत्पादनमा कठिनाई परेकोले मत्स्यपालन व्यवसायलाई प्रोत्साहन गर्न कृषि तथा पशुपंछी विकास मन्त्रालयले अर्थ मन्त्रालयसंग आवश्यक समन्वय गरी अनुदानसम्बन्धी कार्यविधि संसोधन लगायतका प्रकृयाहरु एक महिना भित्र टुङ्ग्याउने ।

५. प्रदेश सरकारको स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम विभिन्न विकास निर्माणका आयोजनाका लागि आवश्यक पर्ने जग्गा नेपाल सरकारको नाममा रहेकोले विकास निर्माणका आयोजनाहरुलाई तीव्र गतिमा कार्यान्वयन गर्न प्रदेश सरकारको निर्णय बमोजिम प्रादेशिक कार्यालय र विकास आयोजना कार्यान्वयन गर्न द्विविधा/कठिनाई भएको देखिंदा नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले प्रदेश सरकारहरुसंग आवश्यक समन्वय गरी विद्यमान कार्यनीतिमा समयानुकूल संसोधन गर्ने प्रयोजनका लागि एक महिना भित्र मं.प. मा प्रस्ताव पेश गर्ने ।

६. नदिजन्य ढुङ्गा, गिट्टी, वालुवाको दिगो उपयोग र व्यवस्थापन हुन नसक्दा पूर्वाधार विकास र निजी क्षेत्रको निर्माण सामग्रीको आवश्यकता पूर्ति गर्न कठिनाई भईरहेको सन्दर्भमा एउटा स्पष्ट र उपयुक्त मापदण्ड तयार गर्न संघीय मामिला तथा सामान्य मन्त्रालयलाई राष्ट्रिय विकास समस्या समाधान समितिको ४६ औं बैठकबाट निर्देशन भएकोमा हालसम्म सो बमोजिम नभएकोले उक्त मन्त्रालयले उक्तानुसार १५ दिन भित्र मं.प.मा प्रस्ताव पेश गर्ने ।

७. तीव्र रुपमा गर्नुपर्ने पूर्वाधार विकास र निजी क्षेत्रको निर्माण सामग्रीको आवश्यकता पूर्ति गर्न एकातिर चुलिंदो समस्या देखिएको छ भने अर्कोतिर देशको विभिन्न क्षेत्रमा प्राकृतिक स्रोतको रुपमा रहेका ढुङ्गा र वालुवा खानीको पहिचान, विकास र उत्खनन् हुन नसकेको सन्दर्भमा एउटा ठोस नीति बनाई कार्यान्वयन गर्न अत्यावश्यक भएकाले राष्ट्रिय योजना आयोगका मा.सदस्यको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग, वाणिज्य तथा आपूर्ति, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण, वन तथा वातावरण, गृह एवं अर्थ मन्त्रालय समेतका सचिवहरु सम्मिलित कार्यक्षेत्र र कार्यादेश सहितको एक उच्चस्तरीय समिति गठन गर्ने र सो समितिबाट एउटा उपयुक्त राष्ट्रिय नीति चार महिना भित्र तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मं.प.मा प्रस्ताव पेश गर्ने ।

८. जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारण कार्यमा स्थानीयस्तरमा सधै विवाद भैरहने तथा जग्गा प्राप्तिसम्बन्धी आयोजना पिच्छे फाईलहरू मन्त्रिपरिषद्मा लैजानु पर्ने एवं विभिन्न प्रकृतिका अतिक्रमित ऐलानी तथा पर्ति जग्गा समेतको प्राप्तिका सम्बन्धमा स्पष्ट आधार, मापदण्ड र नीति नभएकाले जग्गा प्राप्तिमा समस्या तथा ढिलाइ हुने हुँदा सरोकारवाला निकायसंगको समन्वयमा उचित मूल्यलाई आधार लिई ऐलानी तथा पर्ति जग्गाको हकमा मुआव्जा प्राप्त नहुने गरी जग्गा अधिग्रहण तथा मुआव्जा निर्धारण सम्बन्धी एकीकृत राष्ट्रिय नीति, २०७६ पौष महिना भित्र तयार गरी स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्न गृह मन्त्रालयलाई राष्ट्रिय विकास समस्या समाधान समितिको ४६औं बैठकबाट निर्देशन भएको ।

जग्गा अधिग्रहण तथा मुआव्जा निर्धारण सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट मुआव्जा क्षतिपूर्ति र राहतसम्बन्धी मार्गदर्शन, २०७६ का साथै एकीकृत भूमि तथा जग्गा प्राप्ति ऐनको मस्यौदा तयार भै छलफलमा रहेको ।

यस सन्दर्भमा गृह मन्त्रालयबाट तयार पारिएको वुंदाहरुलाई एकीकृत राष्ट्रिय नीति, २०७६ मा समावेश गर्ने गरी राष्ट्रिय योजना आयोगबाट समन्वय र एकीकरण हुन अनुरोध भै आएको हुँदा सहजीकरण गर्न आयोगका सम्बन्धित मा.सदस्यको संयोजकत्वमा सरोकारवाला निकायका सहसचिव स्तरका पदाधिकारीहरु सम्मिलित समिति गठन गरी सो समितिले ३ महिना भित्र उपयुक्त एकीकृत राष्ट्रिय नीति तयार गरी प्रतिवेदन पेश गर्ने ।